बकैया गाउँ कार्यपालिकाको मिति २०७७।११।०६ गतेको बैठकका प्रस्ताव एवं निर्णयहरु

१. बालमैत्री बकैया गाउँपालिका घोषणा समिक्षा सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकालाई बालमैत्रीयुक्त बनाउनका लागि विगत ३ वर्षदेखि अभियान सञ्चालन गरिदैं आइएकोमा माघ २९ गते बागमती प्रदेश .सरकारका मूख्यमन्त्री माननीय डोरमणी पौडेलज्यूको प्रमुख आतित्यथामा घोषणा कार्यक्रम गरिएकोमा उक्त कार्यक्रम भव्य र सभ्य रुपमा सम्पन्न भएको समिक्षा गरियो। साथै बालमैत्री घोषणा अभियानमा र घोषणा कार्यक्रममा सहयोग गर्नुहुने सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दै बालमैत्री शासनलाई दिगो रुपमा कायम राख्ने निर्णय गरियो । बालमैत्रीयुक्त गाउँपालिका घोषणा भईसकेको सन्दर्भमा बालमैत्रीयुक्त अभ्यासलाई निरन्तरता दिन र सो सम्बन्धि खर्चमा मितव्यायिता गर्नका लागि बालमैत्री सहजकर्ताहरुको संख्या ६ मात्र कायम गरि अन्य सहजकर्ताहरु कटौती गर्ने निर्णय गरियो ।

२. लगत सकंलन कार्य समिक्षा सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा नेपाल सरकार, भूमि सम्बन्धि समस्या समाधान आयोग, ताहाचल, काठमाडौं र यस गाउँपालिका बीच भूमिहिन दलित, भूमिहिन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्नका लागि लगत संकलनको कार्य भईरहेकोमा सो कार्यको समिक्षा गर्दै उक्त आयोगसङ्गको सहकार्यमा संकलन कार्यलाई निरन्तरता दिने निर्णय गरियो।

३. खेलकुद बजेट सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैया गाउँपालिका चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा खेलकुद रंगशाला निर्माण शिर्षक अन्तर्गत रु. २०,००,०००।- विनियोजन गरेकोमा जिल्ला स्तरीय स्थानिय तह फुटबल प्रतियोगिता सञ्चालन गर्नका लागि सोहि शिर्षकबाट रु. ५,००,०००।- विनियोजन गरि बाँकी रु. १५,००,०००।- हात्तीसुँडे खेलकुद रंगशालाको लागि विनियोजन गरि आगामी गाउँसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४. सीमा विवाद सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस बकैया गाउँपालिकाको वडा नं १ को रजुवा, मोरङ्गे, महादेवडाँडा, धियालडाँडा लगायतका वस्ती नेपाल सरकारको आधिकारीक GIS नक्सामा रौतहट जिल्ला भित्र देखिएकोले रौतहट जिल्लाले उक्त वस्तीहरु आफ्नो जिल्लामा पर्ने भनि दावी गरीरहेको तर उक्त स्थानहरु विगत देखि नै मकवानपुर जिल्लाले भोगचलन गर्दै आइरहेको, हाल गाउँपालिकाले समेत उक्त क्षेत्रमा सडक, विद्युत, खानेपानी, सिचाइ लगायतका संरचना निर्माण गरिरहेकोसाथै यस बकैया गाउँपालिकाको वडा कार्यालय, विद्यालयहरु, स्वास्थ्य केन्द्र, मतदान केन्द्र लगायतका संरचना समेत रहेकाले उक्त भुभागहरु नेपाल सरकारको आधिकारीक नक्सामा समेत मकवानपुर कायम गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा अन्य सम्वन्धी निकायमा अनुरोध गर्ने भनि मिति २०७५।१२।२० गतेको कार्यपालिका बैठकबाट निर्णय गरि सो को लागि प्रकृया अगाडी बढाईएकोमा हालसम्म पनि सो सम्बन्धि समस्या समाधान नभएकोमा उक्त सीमा विवाद समस्या समाधानका लागि पुनः सम्बन्धित सरोकारवाला निकायहरुलाई ध्यानाकर्षण गराउने निर्णय गरियो ।

बकैया गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्ष

Scanned with CamScanner

५. बङ्दह पुल बहुवर्षिय सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिका अन्तर्गत बङ्दह पुल निर्माणका लागि पर्याप्त बजेट र समय व्यवस्थापनको आवश्यकता पर्ने हुँदा उक्त योजनालाई वहुवर्षीय योजनाको रुपमा सञ्चालन गर्ने निर्णय गरियो ।

६. माझी समुदायको लदि पर्व सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा बकैंया गाउँपालिका भित्र उल्लेख्य रुपमा रहेका माझी समुदायले विशेष महत्वका साथ मनाउने लदि पर्व यस वर्ष मिति २०७७।११।१८ गते रहेको तथा विगत वर्षमा जस्तै उक्त पर्वलाई गाउँपालिका स्तरमा आयोजना गर्न नेपाल माझी उत्थान संघ जिल्ला कार्य समिति मकवानपुरबाट आर्थिक सहयोगको लागि अनुरोध भए बमोजिम उक्त संस्थाले पेश गरेको आर्थिक प्रस्तावको अधिनमा रहि कार्यक्रम सम्पन्न भए पश्चात संस्थाले पेश गर्ने बिल, भरपाई, फोटो लगायतका विवरणका आधारमा बढिमा रु. १,२५,०००।- (रुपैंया एक लाख पच्चिस हजार मात्र) उक्त संस्थालाई भुक्तानी गर्ने निर्णय गरियो।साथै सो पर्वको उपलक्ष्यमा सम्पूर्णमा शूभकामना व्यक्त गर्दै उक्त दिन गाउँपालिका क्षेत्रभित्र सार्वजानिक विदा दिने निर्णय गरियो ।

७. दोस्रो बकैया साहित्य महोत्सव, २०७७ सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा वि.सं. २०५० फागुन १२ गते यसै बकैया गाउँपालिकामा स्थापित झरना साहित्यिक परिवार मकवानपुरले जिल्लाभर कार्यक्षेत्र बनाउँदै मकवानपुरकै अग्रणी र जुझारु साहित्यिक संस्थाको पहिचान बनाउन सफल भएको र विगतदेखि नै वार्षिक कार्यक्रम यस गाउँपालिकाको आर्थिक व्यवस्थापनमा बृहत साहित्यिक गोष्ठीका रुपमा गाउँपालिकामा नै सञ्चालन गर्दै आएकोमा यस वर्ष पनि संस्थाको २८ औं वार्षिकोत्सव (२६३ औं साहित्य शृङ्खला) को अवसरमा गाउँपालिकाको पूर्ण आर्थिक व्यवस्थापनमा दुई दिवसीय कार्यक्रमका रुपमा बकैया साहित्य महोत्सव २०७७ भव्यतापुर्वक आयोजना गर्नको लागि कार्यक्रमको अनुमानित खर्च रकम रु. ३,३०,५५५।- रहेको विवरण सहितको प्रस्ताव पेश गरेकोमा बढिमा रु. ३,००,०००।- (रुपैयाँ तीन लाख मात्र) रकम कार्यक्रम सम्पन्न भए पश्चात बिल भर्पाई फोटोहरु प्राप्त भएपछि भुक्तानी दिने निर्णय गरियो।

८. भिरकोट विजलडाँडा सडक सम्बन्धमाः-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको स्वीकृत वार्षिक कार्यक्रममा भिरकोट विजलडाँडा सडक निर्माणका लागि रु. १,००,००,०००।- विनियोजन गरिएकोमा सो रकममध्येबाट उक्त सडक सरसफाईका लागि रु. २८,००,०००।- छुट्याई उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्ने र बाँकी रकम रु. ७२,००,०००।- बाट संरचना निमार्णका लागि ठेक्का मार्फत योजना सञ्चालन गर्ने निर्णय गरियो।

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

दामोदर खनाल
अध्यक्ष

Scanned with CamScanner

९. चालु आर्थिक वर्षको योजना सञ्चालन सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा चालु आर्थिक वर्षको योजनाहरु २०७८ वैशाख मसान्त भित्रमा मा नै सम्पन्न गर्नका लागि वडा स्तरीय योजनाहरुलाई संशोधन गर्नुपर्ने भएमा र वडाको विविध शिर्षकमा रहेको रकमबाट योजना छुट्याउनुपर्ने भएमा मिति २०७७ फागुन २० गते भित्र वडा समितिको निर्णय गरि वडा कार्यालयबाट गाँउपालिका कार्यलयमा सिफारिश गराउने र योजनाहरुको संझौता मिति २०७७ चैत्र ५ गतेभित्र गराईसक्ने निर्णय गरियो ।चैत्र ५ गते भित्र संझौता नभएका योजनाहरु यस आर्थिक वर्षमा सञ्चालन नगर्ने नगराउने निर्णय गरियो।

१०. खानेपानी योजना सञ्चालन संम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा जिल्ला समन्वय समितिबाट प्राप्त हुने वजेटलाई विभिन्न वडाहरुबाट प्राप्त सिफारिश र आवश्यकताको आधारमा उपभोक्ता समितिहरु मार्फत खानेपानी योजना सञ्चालन गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नामाडी?, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner